# जिल्ला सरकारी वकील कार्यालय
## दुनै,डोल्पा

मिति :-२०७८/०५/३०

पत्र संख्या :-०७८।०७९

चलानी नं. :-६३

विषय-समन्वय समितिको बैठक सम्बन्धमा ।

श्री महान्यायाधिवक्ताको कार्यालय,

रामशाहपथ, काठमाण्डौ ।

प्रस्तुत विषयमा यस कार्यालयमा मिति २०७८/०५/३० गते भएको जिल्ला समन्वय समितिको बैठक स. जि. न्या. श्री खुम बहादुर कुँवरको अध्यक्षतामा बसी भएको निर्णयको प्रतिलिपि यसै पत्रसाथ पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

२०७८/०५/३०

खुम बहादुर कुँवर

स.जि.न्या.व.

बोधार्थः

**श्री उच्च सरकारी वकील कार्यालय विजयनगर, जुम्ला** - साथै जिल्ला समन्वय समितिको बैठकको निर्णय प्रतिलिपि यसै पत्रसाथ पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

अनुसन्धान र अभियोजनसँग संलग्न निकायहरुको बिचमा आवस्यकतानुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारीता ल्याउने प्रयोजनका लागि आज मिति २०७८ साल भदौं ३० गते बुधबारका दिन १:०० बजे जिल्ला सरकारी वकिल कार्यालय डोल्पाका नि. जिल्ला न्यायाधिवक्ता श्री खुम बहादुर कुँवरको संयोजकत्वमा निम्न पदाधिकारीहरुको उपस्थितिमा समन्वय समितिको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| श्री खुम बहादुर कुँवर, | नि.जि.न्या.व | जि.स.व.का.डोल्पा. | संयोजक |
| श्री बम बहादुर नेपाली | स.प्र.जि.अ. | जि.प्रशासन कार्यालय डोल्पा. | सदस्य |
| श्री प्रेम बहादुर बोहोरा | प्र.नि. | जि.प्रहरी कार्यालय डोल्पा. | सदस्य |
| श्रीमती हरिकला सिंजाली | खरिदार. | जि.स.व.का.डोल्पा. | सदस्य सचिव |

आमन्त्रीत

| | | |
|---|---|---|
| श्री कर्ण बहादुर रोकाया | कार्यालय प्रमुख | मालपोत कार्यालय डोल्पा |
| श्री अमर सिंह शाही | जन.स्वा.नि. | डोल्पा जिल्ला अस्पताल |
| श्री दिर्घ राज आर.सी. | जेलर | कारागार कार्यालय डोल्पा |
| श्री सुधा घिमिरे | स.व.अ. | डिभिजन वन कार्यालय डोल्पा |

छलफलका प्रश्तावहरु

१) तेस्रो पञ्च बर्षिय रणनिती योजना, बार्षिक कार्ययोजना तथा महान्यायाधिवक्तको कार्यालयको च.नं.१९७४ मिति २०७८/०३/२९ को निर्देशन सम्बन्धमा ।

२) परिक्षणको प्रभावकारिता सम्बन्धमा

३) बालबालिकाबाट हुने कसूरको सम्बन्धमा

निर्णय- १

महान्यायाधिवक्तको तेस्रो पञ्च वर्षिय रणनितीक योजना (२०७८/०७९-२०८२/०८३), यस कार्यालयको आ.ब. २०७८/०७९ को बार्षिक कार्ययोजना तथा महान्यायाधिवक्त।को कार्यालयको च.नं.१९७४ मिति २०७८/०३/२९ को निर्देशन सम्बन्धमा अवगत छलफल भै सो अनुसार गर्ने गराउने निर्णय गरियो ।

निर्णय- २

अनुसन्धानको क्रममा संकलित भौतिक प्रमाणहरु परिक्षणको पर्खाईमा रहेका पनि हन सक्छन । जस्तै बुलेट, भिसेरा, रगत, विर्य, स्वाब, रौ, फिङ्गरप्रिन्ट लगायत परिक्षण गरेर मात्र तिनले मुद्दामा प्रमाणको महत्व राख्ने गर्दछन । सबै अपराध देखिने नहुन सक्छन। देखिएका पनि प्रष्ट नहुन सक्छन।तसर्थ भौतिक प्रमाणको परिक्षण जरुरी पर्दछ । त्यस्ता प्रमाण संकलन गर्दा प्रमाण लोप नहुने गरी यथाशिघ्र संकलन

गर्नुपर्ने हुन्छ भने बिषेश योग्यता प्राप्त बिषेशज्ञद्वारा बेलैमा परिक्षण गराईएको हुनु पर्दछ । बिषेशज्ञबाट आउने रिपोर्ट कसूर केन्द्रित सत्य तथ्यमा आधारित तथा लेखाई हेर्दा प्रष्ट बुझिने हुनु पर्दछ । तसर्थ सो अनुसार गर्ने गराउने र अनुसन्धानलाई लक्ष्योन्मुख गराउन मद्दत गर्ने निर्णय गरियो ।

निर्णय- ३

कनुनको विवादमा परेका १८ वर्ष नपुगेका बालबालिका रहेछन भने निजहरुसंग साबालिक पनि रहेछन भने पनि म्याद थप गर्दा बालबालिकाहरुको हकमा एक पटकमा ५ दिन सम्म र बढिमा २१ दिनसम्म थपी छुट्टै बाल निगरानी कक्षमा राख्ने ब्यवस्था मिलाउने अथवा कसूर अवस्था बिचार गरी खोजेको बखत उपस्थित गराउने गरी अभिभावक/ संरक्षणको जिम्मा लगाई अनुसन्धान गर्न गराउन समन्वय गर्ने निर्णय गरियो ।